# नेपाल राष्ट्र बैंक

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं।**
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
**पोष्ट बक्स:७३**

बैंक तथा वित्तीय संस्था नियमन विभाग


पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/११/०७९/८०

मितिः २०८०/१/२५

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

बोधार्थ :
(१)श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| सि.नं. | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.नि.नं. १५/०७९ को बुँदा नं. २ मा संशोधन । | **आधार दर**<br>संलग्न अनुसूची-१५.१ को "आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९" बमोजिम मासिक रुपले आधार दर गणना गरी निर्देशन फा.नं. १५.१ बमोजिमको ढाँचाको विवरण महिना समाप्त भएको ७ दिनभित्र यस बैंकमा पेश गर्नु पर्नेछ । साथै, उक्त आधार दरलाई आफ्नो वेबसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ । | **आधार दर**<br>संलग्न अनुसूची-१५.१ को "आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९" बमोजिम मासिक रुपले आधार दर गणना गरी निर्देशन फा.नं. १५.१ बमोजिमको ढाँचाको विवरण महिना समाप्त भएको ७ दिनभित्र यस बैंकमा पेश गर्नु पर्नेछ । साथै, **मासिक तथा पछिल्लो तीन महिनाको औसत** आधार दरलाई आफ्नो वेबसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ । |
| २. | इ.प्रा.नि.नं. १५/०७९ को बुँदा नं. (३) को उपबुँदा ५ मा संशोधन । | कुनै व्यक्ति वा फर्मलाई प्रदान गरिने कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । उदाहरणका लागि कुनै ग्राहकलाई प्रदान गरिने कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरमा २ प्रतिशत विन्दुले प्रिमियम थप गर्ने भएमा निम्नानुसार ब्याजदर तय गर्नु पर्नेछ :<br><br>कर्जाको ब्याजदर = आधार दर + २ प्रतिशत विन्दु<br><br>कुनैपनि कर्जा आधारदर भन्दा कम ब्याजदरमा प्रवाह गर्न पाइने छैन । | कुनै व्यक्ति वा फर्मलाई प्रदान गरिने कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । उदाहरणका लागि कुनै ग्राहकलाई प्रदान गरिने कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरमा २ प्रतिशत विन्दुले प्रिमियम थप गर्ने भएमा निम्नानुसार ब्याजदर तय गर्नु पर्नेछ :<br><br>कर्जाको ब्याजदर = आधार दर + २ प्रतिशत विन्दु<br><br>कुनैपनि कर्जा **पछिल्लो तीन महिनाको औसत** आधारदर भन्दा कम ब्याजदरमा प्रवाह गर्न पाइने छैन । |
| ३. | इ.प्रा.नि.नं. १५/०७९ को बुँदा नं. (३) को उपबुँदा ११ मा संशोधन । | कर्जाको ब्याजदर वृद्धि गर्दा त्रयमासीक औसत आधार दरमा भएको वृद्धिसम्ममात्र वृद्धि गर्न सकिने छ र यस्तो वृद्धि एक त्रयमासमा एकपटक मात्र गर्न सकिनेछ । तर, त्रयमासीक औसत आधार दर बृद्धि हुँदा ब्याजदर बृद्धि नगर्न, ऋणीसँगको सहमतिमा स्थिर ब्याजदर कायम गर्न तथा जुनसुकै समयमा पनि ब्याजदर घटाउन यस व्यवस्थाले वाधा पर्ने छैन । यसरी त्रयमासिक रुपमा | कर्जाको ब्याजदर **परिवर्तन** गर्दा **पछिल्लो तीन महिनाको** औसत आधार दरमा भएको **थपघटको सीमासम्म मासिक रुपमा परिवर्तन गर्नुपर्नेछ ।**<br>**तर, पछिल्लो तीन महिनाको औसत आधार दरमा भएको परिवर्तनभन्दा बढीले** ब्याजदर घटाउन, **जुनसुकै अवस्थामा** ब्याजदर वृद्धि नगर्न **तथा** ऋणीसँगको सहमतिमा स्थिर ब्याजदर कायम गर्न यस व्यवस्थाले वाधा पर्नेछैन । यसरी **पछिल्लो तीन** |

| | | | |
|---|---|---|---|
| | | औसत आधारदरमा परिवर्तन हुँदा ब्याजदरमा परिवर्तन हुने/नहुने सम्बन्धमा ऋणीलाई offer letter मा स्पष्ट रुपमा उल्लेख गरी अनिवार्य जानकारी दिने व्यवस्था गर्नुपर्नेछ । परिवर्तनीय ब्याजदर आधारदरसँग आबद्ध गर्दा इजाजतपत्रप्राप्त संस्थाको Core Banking System मार्फत त्रयमासीक औसत आधार दरमा भएको परिवर्तन अनुसार स्वतः ब्याजदर परिवर्तन हुने प्रणालीको व्यवस्था गर्नु पर्नेछ । | **महिनाको** औसत आधार दरमा परिवर्तन हुँदा ब्याजदरमा परिवर्तन हुने/नहुने सम्बन्धमा ऋणीलाई offer letter मा स्पष्ट रुपमा उल्लेख गरी अनिवार्य जानकारी दिने व्यवस्था गर्नुपर्नेछ । परिवर्तनीय ब्याजदर आधार दरसँग आबद्ध गर्दा इजाजतपत्रप्राप्त संस्थाको Core Banking System मार्फत **पछिल्लो तीन महिनाको** औसत आधार दरमा भएको परिवर्तनअनुसार स्वतः ब्याजदर परिवर्तन हुने प्रणालीको व्यवस्था गर्नु पर्नेछ ।<br>**साथै, ब्याजदर घटाउदा वा बृद्धि नगर्दा सबै ग्राहकले समानरुपमा सुविधा पाउने गरी व्यवस्था मिलाउनु पर्नेछ ।** |